आ.व. ०७६।०७७

बैठक:- नगर कार्यपालिका बैठक

अध्यक्षता:- नगर प्रमुख अशोक कुमार शाही

बैठक संख्या:-१३/०७६/०७७
मिति:-२०७६।११।२०
स्थान:- ता.न.पा सभाहल
समय:- विहान ७.३० बजे

तानसेन नगर कार्यपालिकाको विशेष बैठक तानसेन नगरपालिकाका नगर प्रमुख श्री अशोक कुमार शाही ज्युको अध्यक्षतामा नगर कार्यपालिकाका देहायका पदाधिकारीहरुको उपस्थितिमा वसी निम्नानुसारको निर्णयहरु सहित सम्पन्न गरियो ।

## उपस्थिति

| नाम थर | पद | ठेगाना | कार्यपालिका | उपस्थिति |
|---|---|---|---|---|
| श्री अशोक कुमार शाही | नगर प्रमुख | ता.न.पा. २ | अध्यक्ष | (हस्ताक्षर) |
| श्री लक्ष्मीदेवी पाठक | नगर उपप्रमुख | ता.न.पा. ९ | सदस्य | |
| श्री दामोदर प्रसाद घिमिरे(प्रवक्ता) | वडा अध्यक्ष | ता.न.पा. ११ | सदस्य | (हस्ताक्षर) |
| श्री रामप्रसाद वस्याल | वडा अध्यक्ष | ता.न.पा १ | सदस्य | (हस्ताक्षर) |
| श्री बरुणप्रसाद रेग्मी | वडा अध्यक्ष | ता.न.पा २ | सदस्य | (हस्ताक्षर) |
| श्री महेशलाल शाक्य | वडा अध्यक्ष | ता.न.पा. ३ | सदस्य | (हस्ताक्षर) |
| श्री राजेन्द्रमुनि शाक्य | वडा अध्यक्ष | ता.न.पा.४ | सदस्य | |
| श्री राम बहादुर रावल | वडा अध्यक्ष | ता.न.पा ५ | सदस्य | (हस्ताक्षर) |
| श्री सागरमान महर्जन | वडा अध्यक्ष | ता.न.पा.६ | सदस्य | (हस्ताक्षर) |
| श्री मुक्तिराम जि.सी. | वडा अध्यक्ष | ता.न.पा ७ | सदस्य | (हस्ताक्षर) |
| श्री रामप्रसाद घिमिरे | वडा अध्यक्ष | ता.न.पा.८ | सदस्य | (हस्ताक्षर) |
| श्री हरिसुमर रेग्मी | वडा अध्यक्ष | ता.न.पा.९ | सदस्य | (हस्ताक्षर) |
| श्री लोचनप्रसाद तिमिल्सिना | वडा अध्यक्ष | ता.न.पा.१० | सदस्य | (हस्ताक्षर) |
| श्री देवेन्द्र बहादुर राना | वडा अध्यक्ष | ता.न.पा.१२ | सदस्य | (हस्ताक्षर) |
| श्री टुकप्रसाद भट्टराई | वडा अध्यक्ष | ता.न.पा.१३ | सदस्य | (हस्ताक्षर) |
| श्री कमल राना | वडा अध्यक्ष | ता.न.पा.१४ | सदस्य | (हस्ताक्षर) |
| श्री शशी श्रेष्ठ | का.पा. सदस्य | ता.न.पा.१ | सदस्य | (हस्ताक्षर) |
| श्री सुनिता श्रेष्ठ वैजु | का.पा. सदस्य | ता.न.पा.३ | सदस्य | |
| श्री मैयादेवी घिमिरे | का.पा. सदस्य | ता.न.पा.६ | सदस्य | (हस्ताक्षर) |

Scanned with CamScanner

| | | | |
|---|---|---|---|
| श्री बुद्धिसरा वि.क. | का.पा. सदस्य | ता.न.पा.१० | सदस्य |
| श्री कमला भण्डारी | का.पा. सदस्य | ता.न.पा.१३ | सदस्य |
| श्री दिपक विश्वकर्मा | का.पा. सदस्य | ता.न.पा.५ | सदस्य |
| श्री विमला वौडेल | का.पा. सदस्य | ता.न.पा.८ | सदस्य |
| श्री भीम बहादुर कुमाल | का.पा. सदस्य | ता.न.पा.७ | सदस्य |
| श्री डिल्लीराज बेल्वासे | प्रमुख प्रशासकीय अधिकृत | ता.न.पा | सचिव |

Scanned with CamScanner

**निर्णय नं. १**

तानसेन नगरपालिकाको टुडिखेल स्थित फुटवल मैदानको सुधार कार्यका लागि Bermuda Carpet Grass रोप्न आवस्यक देखिएकोले उक्त Bermuda घाँसको दररेट न.पा. लगायत अन्य कतैवाट उपलब्ध नभएकोले तानसेन नगरपालिकावाट ३ (तीन) वटा कोटेशन मार्फत दररेट माग गरिएकोमा ओम गुप्ता सप्लायर्सले पेश गरेको दररेट अंक प्रति वर्गफिट रु.५५। सवैभन्दा कम भएकोले उक्त दररेट स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. २**

तानसेन नगगरपालिकाको श्रीनगर स्थित विगवुद्ध आयोजना संचालन गर्नको लागि परामर्शदातावाट आयोजनाको विस्तृत सर्वेक्षण, डिजाईन, ड्रईङ्ग र लागत अनुमान तयार गराउनु पर्ने भएकोले यस नगरपालिकावाट तयार गरिएको TOR र लागत अनुमान रु.१९,८३,२७३।१७ (भ्याट सहित) स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३**

बहसकर्ता नेपालको आयोजनामा तानसेन नगरपालिका क्षेत्र भित्रका माध्यमिक विद्यालयहरु विच नमूना संसदीय अभ्यास संचालन भएको र उक्त कार्यक्रम संचालन गर्नका लागि मागमा आधारित शिर्षकवाट रु. ५०,०००। सहयोग गरिएकोले उक्त रकम अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४**

तानसेन नगरपालिका वडा नं. ६ र ८ मा संचालन भएको बन्दीमा आश्रीत वालवालिकाहरुको क्षेत्रमा कार्य गर्दै आएको बन्दी सहायता नेपालले समाज कल्याण परिषद्वाट स्वीकृती लिनका लागि सहमति माग गरेकोले उक्त संस्थालाई १ वर्षका लागि सहमति प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५**

तानसेन नगरपालिका वडा नं. १ मा रहेको कवर्ड हल सानो भई खेल खेल्न समस्या रहेको भनि सहयोग माग गरिएकोमा सामाजिक विकास डिभिजन कार्यालय पाल्पा मार्फत प्रदेश मन्त्रालयवाट सम्वन्धीत संस्थाको १० प्रतिशत र नगरपालिकाको २० प्रतिशत साझेदारी रहने गरी रु. १५ लाख विनियोजन गरेकोले उक्त रकमको २० प्रतिशतले हुन आउने रु.३ लाख मागमा आधारित शिर्षकवाट विनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६**

तानसेन नगरपालिका क्षेत्रभित्रका विद्यालयहरु विच गरिने अतिरिक्त क्रियाकलाप सञ्चालनका लागि प्रधानाध्यापकहरुको वैठकवाट गठित अतिरिक्त क्रियाकलाप सञ्चालन व्यवस्थापन उपसमितिको कार्यसम्पादनलाई अनुमोदन गर्न नगर शिक्षा समितिवाट सिफारिस भई आएकोले उक्त व्यवस्थापन उपसमितिको कार्यसम्पादनलाई अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७**

तानसेन नगरपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण (O&M) गर्नका लागि नगर प्रवर्धनात्मक कार्यक्रमको अनुसन्धान तथा विकास (Research and Development) र सम्भाव्यता अध्ययन शिर्षक वाट रु ५,००,०००। विनियोजन गरी कार्य प्रकृया अगाडी वढाउने निर्णय गरियो ।

Scanned with CamScanner

**निर्णय नं. ८**

तानसेन नगरपालिका वडा नं. ४ सितलपाटी मखनटोल हुदै एनआईसी एसिया वैंकसम्म जाने वाटोमा ढुंगा छाप्ने (Flag Stone Pavement) कार्य भईरहेकोमा उक्त क्षेत्रको हुलाकदेखि मल्ल स्टोर अगाडीको क्षेत्रमा रहेको ढल उच्च भएकोले सो ढल निकाली पुन लेवलमा राख्नुपर्ने र सोहीसंग मंगाल निर्माण कार्यको लागत स्टिमेटमा नरहेकोले उक्त ढल निर्माण गर्न लाग्ने रकम रु. २,७८,४०२। मागमा आधारित शिर्षकवाट खर्च गर्नेगरी विनियोजन गर्ने र सितलपाटीदेखी भगवती मन्दिर उत्तर गेट सम्मको वाटोमा ढुंगा छाप्ने कार्य स्थगन गरी उक्त स्थानको सट्टा दरवार संग्राहालय परिसर क्षेत्रमा सो कार्य गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९**

ता.न.पा. वडा नं. १० सुरुङ्गतुङ्ग रिठाखर्क जरेपिपल सुनडाडा माथिल्लो डुम्रे र कोलाङ खोलामा पुल मर्मतको लागि ल. ई. गरी आगामी बैठकमा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. १०**

ता.न.पा. वडा नं. २ मेहल्धारा टोल विकास संस्थालाई आँखा शिविर संचालन गर्न रु. २०,०००। नगर प्रवर्धनात्मक कार्यक्रम अन्तर्गत लक्षित वर्ग क्षमता विकास कार्यक्रमवाट रकम भुक्तानी गर्ने निर्णय गरीयो ।

**निर्णय नं. ११**

ता.न.पा. वडा नं. १३ सुर्यज्योती युवा क्लवलाई खेल मैदान मर्मत सम्भारको लागि रु.२०,०००। नगर प्रवर्धनात्मक कार्यक्रमको स्वास्थ्यका लागि खेलकुद कार्यक्रमवाट दिने निर्णय गरियो ।

**निर्णय नं. १२**

ता.न.पा वडा नं. ६ स्थित कुन्सरे आधारभूत विद्यालय र वडा नं. ७ स्थित बालज्योति आधारभुत विद्यालयको तारवार (कम्पाउण्ड) गर्नको लागि प्रति विद्यालय रु. १,५०,०००। ता.न.पा.को नगर प्रवर्धनात्मक कार्यक्रमको मागमा आधारीत शिर्षकवाट विनियोजन गर्ने र ता.न.पा. १० को मण्डली मा.वि.लाई नपुग रकम रु. ३०,०००। सोही शिर्षकबाट विनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १३**

तानसेन नगरपालिका भित्र माग भई आएका विभिन्न वडाहरुको खानेपानी सम्बन्धी अति आवश्यक योजनाहरुको ल.ई. तयार गरी स्वीकृतीका लागि आगामी कार्यपालिका बैठकमा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. १४**

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयवाट ता.न.पा.को वडा नं. १, २, ३, ५, ६, ७ र ८ मा आधारभुत स्वास्थ्य सेवा भवन निर्माणको लागि वजेट विनियोजन भएकोले उक्त वडाहरुमा भवन निर्माण प्रकृया अगाडी वढाउन सम्वन्धीत स्वास्थ्य संस्थाहरुको नाममा जग्गाधनी प्रमाणपुर्जा अनिवार्य भएकोले ५ दिन भित्र जग्गाधनी प्रमाणपुर्जा वनाई न.पा मा पेश गर्न लगाउने निर्णय गरियो ।

Scanned with CamScanner

**निर्णय नं. १५**

विश्वभर फैलिएको नोवल कोरोना भाईरस नेपालमा समेत फैलन सक्ने सम्भावना रहेकोले यस सम्बन्धी विद्यालयस्तरमा सचेतना कार्यक्रम संचालन गर्न नेपाल नर्सिङ्ग संघ पाल्पालाई मागमा आधारित शिर्षकवाट रु १,५२,५००। विनियोजन गर्ने र सो सम्बन्धमा सरोकारवालाको प्रतिनिधित्व रहनेगरी नगरस्तरीय आर आर टि (RRT)लाई सक्रिय बनाउने निर्णय गरियो ।

**निर्णय नं. १६**

तानसेन नगरपालिकाको सानिसा ऐन, २०७५ को दफा १९ तथा सानिसा नियमावली, २०७५ को नियम १२ अनुसारको कार्य सानिसा इकाइ मार्फत अगाडि बढाउनको लागि सहयोगी संस्था इपीआई नेपालबाट तयार गरी उपलब्ध गराइएको प्रस्ताव आह्वान सम्बन्धी कागजात (RFP Documents) स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. १७**

तानसेन नगरपालिकाको सानिसा ऐन, २०७५ को दफा २१ अनुसार प्राप्त प्रस्तावहरुको मूल्यांकन गर्न प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा डि.इन्जिनियर/ईन्जिनियर, चाटर्ड एकाउन्टेन्ट, अर्थशास्त्री, वित्तीय विश्लेषक र ता.न.पा.का ईन्जिनियर सदस्य सचिव रहने मूल्यांकन समितिका विज्ञहरुको सेवा सुविधा निर्धारण गरिदिनका लागि सानिसा समितिबाट नगर कार्यपालिकालाई अनुरोध गरेकोमा प्रतिदिन बढीमा रु.४०००।- उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. १८**

तानसेन नगरपालिकाको विधायन समितिबाट पेश भएको तानसेन नगरपालिकाको स्थानीय सहकारी सन्जाल गठन तथा परिचालन सम्बन्धी कार्यविधि, २०७६ स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. १९**

तानसेन नगरपालिकाबाट नगर क्षेत्रमा रहेका सम्पूर्ण सहकारी संस्थाहरुको सघन अनुगमनको कार्यमा सहयोग पुऱ्याउन स्थानीय सहकारी विज्ञको रुपमा जित बहादुर सिल्वाललाई छनौट गरिएकोमा निजलाई प्रति महिना रु.३५,०००।- का दरले दुई महिना बराबरको सेवा सुविधा र संलग्न अन्य पदाधिकारी बढीमा ४ जना लाई प्रति दिन रु.१०००।- का दरले कर कट्टा गरी सेवा सुविधा उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. २०**

तानसेन नगरपालिका वडा नं. १३ र १४ स्थित अर्तुङ्गा वगर, सपलक वगर, सिदुर्दीघाट र वेलघारी लगायतका स्थानको नदिजन्य पदार्थ व्यवस्थापन तथा आय व्यय सम्लग्न तपशिलको प्रस्ताव स्वीकृत गरी कार्य प्रकृया अगाडी वढाउने निर्णय गरियो ।

| आम्दानी तर्फ | | | | | खर्च तर्फ | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| क्र.स. | विवरण | परिमाण | दर | जम्मा | क्र.स. | विवरण | परिमाण | दर | जम्मा |
| १ | वालूवा विक्रि | ८०० | १६००० | १२८००००० | १ | ट्रिपर भाडा | ८०० | ८००० | ६४००००० |
| | | | | | २ | डोजर खर्च मर्मत | १ | ७००००० | ७००००० |

Scanned with CamScanner

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | ३ | बाटो निकास | १ | ३२०००० | ३२०००० |
| | | | | | ४ | अपरेटर खर्च | ४ | ३०००० | १२०००० |
| | | | | | ५ | लेवर खर्च | १६०० | ६०० | ९६०००० |
| | | | | | ६ | कर्मचारी | १० | १८००० | १८०००० |
| | | | | | ७ | प्रशासनिक खर्च अन्य | १ | २०००० | २०००० |
| | | | | | ८ | नष्ट हुन सक्ने | ४० | १३००० | ५२०००० |
| | | | | | ९ | घाट गद्दी व्यवस्थापन | १ | ३००००० | ३००००० |
| | | | | | १० | बाटो मर्मत | १ | २००००० | २००००० |
| | | | | | ११ | औजार | १ | १००००० | १००००० |
| | | | | | १२ | इन्धन | ५००० | १०० | ५००००० |
| | | | | १२८००००० | | | | | १०३२०००० |
| | | | | | | मुनाफा | | | २४८०००० |

नदीजन्य पदार्थ उत्खनन् तथा ओसार पसार गर्ने कार्यलाई व्यवस्थित र प्रभावकारी वनाउन देहाय अनुसारको निर्देशक समिति र वडा स्तरीय अनुगमन समिति गठन गर्ने निर्णय गरीयो ।

**क) निर्देशक समिति (नगरस्तरमा)**

- नगर प्रमुख श्री अशोक कुमार शाही — संयोजक
- प्रमुख प्रशासकीय अधिकृत श्री डिल्लीराज वेल्वासे — सदस्य
- वडा अध्यक्ष श्री राम वहादुर रावल — सदस्य
- लेखा समिति संयोजक श्री महेश्वर श्रेष्ठ — सदस्य
- ईन्जिनियर श्री राम प्रसाद श्रेष्ठ — सदस्य सचिव

**(ख) अनुगमन समिति(वडास्तरमा)**

- श्री कमल राना वडा अध्यक्ष वडा नं. १४ — संयोजक
- श्री टुक प्रसाद भट्टराई अध्यक्ष वडा नं. १३ — सदस्य
- श्री कमला भण्डारी का.पा. स — सदस्य
- श्री रमेश न्यौपाने वडा सदस्य वडा नं. १४ — सदस्य
- श्री कृष्ण प्रसाद भट्टराई (वडा सचिव १३) — सदस्य सचिव

**निर्णय नं. २१**

गौतमवुद्ध सामुदायिक स्वास्थ्य संस्था, वुटवलवाट ता.न.पा वडा नं. ५ स्थित लक्ष्मी मा.वि. परिसरमा सामुदायिक डायलासिस सेन्टर संचालन गर्न माग भएकोले सो स्थानमा उक्त सेन्टर संचालन गर्न स्वीकृत प्रदान गर्ने निर्णय गरियो ।

Scanned with CamScanner

**निर्णय नं. २२**

नगर सुत्केरी स्याहार खर्च वितरण कार्यविधि २०७४ मा गर्भवती महिलाले लगातार ४ पटकसम्म स्वास्थ्य संस्थामा गई गर्भ जाँच (ANC) गरेको प्रमाण सहित नगरपालिकामा निवेदन पेश गरेमा प्रतिपटक रु.५००। का दरले यातायात खर्च वापत एकमुष्ठ रु. २०००। प्रदान गर्ने र तानसेन नगरपालिकाको अपाङ्गता भएको व्यक्तिहरुको परिचयपत्र वितरण कार्यविधि, २०७५ मा नगर भित्रका रातो र निलो कार्ड प्राप्त फरक क्षमता भएका नागरिकहरुलाई स्वास्थ्य संस्थामा स्वास्थ्य परिक्षण गराएको प्रमाण सहित नगरपालिकामा निवेदन पेश गरेमा प्रतिपटक रु. ५००। का दरले यातायात खर्च उपलब्ध गराउने व्यवस्था थप गरी संसोधन गर्ने निर्णय गरियो।

**निर्णय नं. २३**

ता.न.पा को गत आ.व (२०७५/०७६) मा ठेकेदार सुजन श्रेष्ठ, (श्रेष्ठ निर्माण सेवा) ले पेश गरेको श्रीनगर पार्कमा पानी व्यवस्थापन गर्दा लागेको खर्च भुक्तानी पाउ भनि पेश भएको निवेदन उपर छलफल हुँदा निजले दावी गरेको खर्च रु.३,१०,८००। मध्ये पचास प्रतिशतले हुन आउने रकम रु. १,५५,४००। मात्र फोहर व्यवस्थापन तथा सरसफाई शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो।

**निर्णय नं. २४**

तानसेन नगरपालिका वडा नं. १ भुसालडाँडामा रहेको दुर्गा मन्दिर भवनको भुई ढलान गर्न वडाको सिफारिस सहित माग भई आएकोले उक्त मन्दिरको भुई ढलान गर्न ता.न.पाको मागमा आधारित शिर्षकवाट रु.५०,०००। विनियोजन गर्ने निर्णय गरियो।

**निर्णय नं. २५**

तानसेन नगरपालिका भित्र रहेका झोलुङ्गे पुल हेरालु खर्च विगत वर्षहरुमा जि.वि.स. वाट उपलब्ध हुदै आएकोमा हाल रोक्का भएकोमा उक्त खर्च माग गर्दै वडा कार्यालयवाट सिफारिस भई आएमा प्रति झोलुङ्गे पूल वार्षिक रु ६०००। का दरले हेरालु खर्च वापत भुक्तानी दिने र मर्मत गर्नुपर्ने झोलुङ्गे पुलहरुको ल. ई. तयार गरी स्वीकृतीको लागि आगामि कार्यपालिका बैठकमा पेश गर्ने निर्णय गरियो।

**निर्णय नं. २६**

तानसेन नगरपालिकामा पेश भएको पाल्पाली ढाका संघको निवेदन सम्बन्धमा छलफल हुँदा ता.न.पा. वडा नं. ६ टुडिखेल पश्चिम तर्फको ताज होटल नजिकको पुरानो कोशेली घरमा उत्पादित पाल्पाली ढाका सामाग्रीहरुको प्रदर्शनी तथा विक्रि कक्ष संचालन गर्न दिने निर्णय गरियो।

**निर्णय नं. २७**

तानसेन नगरपालिका वडा नं. १३ देखि १४ सम्मका सिंचाई कुलोको ल.ई. तयार गरि स्वीकृतीका लागि आगामी कार्यपालिका बैठकमा पेश गर्ने निणर्य गरियो।

**निर्णय नं. २८**

तानसेन नगरपालिका वडा नं. ८ चाउरी पोखरामा घरेलु तथा साना उद्योग कार्यालयवाट कोसेली घर निर्माण गर्नको लागि रकम माग भई आएकोले उक्त कोशेली घर निर्माण गर्न घरेलु तथा साना उद्योग कार्यालयवाट रु. १०,००,०००। विनियोजन भएकोले तानसेन नगरपालिकावाट रु. ३,००,०००। मागमा आधारीत शिर्षकवाट विनियोजन गर्ने निर्णय गरियो।

Scanned with CamScanner

**निर्णय नं. २९**

तानसेन नगरपालिका वडा नं. ८ को पाँडेखर्क बस्तीमा ठुलो पहिरो गई सो पहिरो रोकथामको लागि भू तथा जलाधार कार्यालय पाल्पावाट रु. ८ लाख विनियोजन भई कार्य सम्पन्न भईसकेको र ता.न.पाले प्रतिवद्धता वमोजिम भुक्तानी गर्नुपर्ने रकम भुक्तानी हुन वाँकी रहेकोले उक्त रकम ता.न.पा वडा नं. ८ पाँडेखर्क वस्ती संरक्षण समितिलाई मागमा आधारित शिर्षकवाट भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. ३०**

तानसेन नगरपालिका वडा नं. ३ टक्सार हरिहर भवन पछाडीको ढल व्यवस्थापन गर्न आवस्यक रहेकोले उक्त ढल व्यवस्थापन गर्नको लागि तानसेन नगरपालिकाको मागमा आधारित शिर्षकवाट रु. २,००,०००। विनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३१**

तानसेन नगरपालिकाका विभिन्न वडाहरुवाट ६०/४० र ५०/५० शिर्षक अन्तर्गत योजनाहरु माग भई आएकोले तपशिलका योजनाहरुमा रकम विनियोजन गर्ने निर्णय गरीयो ।

१.

| क्र.सं. | योजनाको नाम | स्थान | योजनाको कुल लागत | नगरपालिकावाट व्यहोर्ने रकम | कैफियत |
|---|---|---|---|---|---|
| १. | श्री देववाणी संस्कृत तथा साधारण मा.वि. रंगरोगन | ता.न.पा २ | स्वीकृत ल.ई अनुसार | नियमानुसार | ६०/४० |
| २. | श्री भुसालडाँडा मा.वि. विज्ञान प्रयोगशाला सामग्री खरीद | ता.न.पा १ | रु.४,००,०००।- | रु. २,००,०००।- | ५०/५० |
| ३. | देवकोटाचोक देखी वहुमुखी क्याम्पस चित्रको ढाकाराम अधिकारीको घरदेखी देवीनगर टोल जानेवाटो स्तरोन्नती | ता.न.पा ७ | स्वीकृत ल.ई अनुसार | नियमानुसार | ५०/५० |
| ४. | आँपटारी लिफ्टिङ्गखानेपानी योजना | ता.न.पा १ | स्वीकृत ल.ई अनुसार | नियमानुसार | ६०/४० |
| ५. | भातेचौर मोटरवाटो निर्माण | ता.न.पा ६ | रु. १०,००,०००।- | ६,००,०००।- | ६०/४० |

**उल्लेखित निर्णयहरु पश्चात नगर प्रमुख अशोक कुमार शाहीज्यूबाट स-धन्यवाद बैठक समापन गर्नु भयो ।**

Scanned with CamScanner